# चाँगुनारायण नगरपालिकाको
# शिक्षा (दोस्रो संशोधन) नियमावली, २०८२


## चाँगुनारायण नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

खरिपाटी, भक्तपुर

वागमती प्रदेश, नेपाल

शिक्षा (दोस्रो संशोधन) नियमावली, २०८२

शिक्षा नियमावली, २०७४ लाई समसामयिक र प्रभावकारी रुपमा कार्यान्वयन लागि संशोधन गर्न बाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०७४ को दफा ३० ले दिएको अधिकारको प्रयोग गरी चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको ६७ औं बैठकले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "शिक्षा (दोस्रो संशोधन) नियमावली, २०८२" रहेको छ ।

 २) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षा नियमावली, २०७४ को नियम २६ (क) थप:** मूल नियमावलीको नियम २६ पछि देहायको नियम २६ (क) थप गरिएको छः-

 २६. (क) वडा शिक्षा समितिको संरचना तथा कार्यसंचालन विधिः (१) ऐनको दफा (८) (क) अनुसारको वडा शिक्षा समिति रहनेछ ।

 (२) वडा शिक्षा समितिको बैठक कम्तीमा प्रत्येक त्रैमासिक रुपमा एक पटक बस्नु पर्नेछ ।

 (३) वडा शिक्षा समितिको बैठकभत्ता नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ तर एक आर्थिक वर्षमा बढीमा ४ वटा भन्दा बढी बैठकको भत्ता उपलब्ध गराईने छैन ।

 (४) बैठक संचालनको लागि कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

३. **शिक्षा नियमावली, २०७४ को नियम २६ (ख) थप:** मूल नियमावलीको नियम २६ (क) पछि देहायको नियम २६ (ख) थप गरिएको छः-

 २६. (ख) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकारः (१)ऐन तथा नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त वडा शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

 (क) वडामा पेश भएको शैक्षिक योजनामाथि छलफल गरी स्वीकृतिको लागि वडा समितिमा पेश गर्ने,

 (ख) वडामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शैक्षिक संस्था मार्फत पेश भएको कार्य योजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

 (ग) सम्बन्धित वडाका शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

 (घ) आफ्नो वडा भित्रका विद्यालयको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

 (ङ) आफ्नो वडा भित्रका विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

 (च) वडा भित्रका विद्यालयलाई आर्थिक रुपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

 (छ) तोकिए बमोजिम विद्यार्थी संख्या नभएका शैक्षिक संस्थाहरु आवश्यक व्यवस्थापन गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

जीवन खत्री

नगर प्र...

(ज) नगर कार्यपालिका तथा नगर सभाबाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने।

(झ) वडा भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक भौतिक पक्षको अनुगमन गरी नगर शिक्षा समितिमा त्रैमासिक प्रतिवेदन पेश गर्ने।

(ञ) वडा भित्रका विद्यालय सुधार तथा विकासका लागि विद्यालयहरुलाई नीति निर्देशन गर्ने।

(ट) विद्यार्थी संख्या तथा नक्साङ्कनको आधारमा विद्यालय Right Size भएका सम्बन्धित वडाका विद्यालयहरुका शिक्षक तथा विद्यार्थी व्यवस्थापनका निम्ति नगर शिक्षा समितिमा सिफारिस गर्ने।

(ठ) वडा भित्रका सामुदायिक सिकाई केन्द्रको रेखदेख, अनुगमन र व्यवस्थापनमा आवश्यक सहयोग गर्ने।

(ड) वडा भित्र रहेका सामुदायिक सिकाई केन्द्र मार्फत अनौपचारिक सीप सम्बन्धी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने।

(ढ) वडा भित्रका शैक्षिक तथ्याङ्क अद्यावधिक गरी राख्ने।

(ण) वडा भित्र सञ्चालन हुने शैक्षिक कार्यक्रमहरुमा आवश्यक सहयोग गर्ने, अनुगमन गर्ने।

(त) विद्यालयको कक्षा थप, स्थानान्तरण, बाल विकास केन्द्र र शिशु स्याहार केन्द्र नाम परिवर्तन गर्न र नयाँ खोल्न सिफारिस गर्ने।

४. मूल नियमावली, २०७४ को परिच्छेद-९ को नियम ५१ को उपनियम २ को संशोधन गरिएको छ।

आधारभुत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभुत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा कम्तीमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको, संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा नगरपालिकाको प्रधानाध्यापक छनोट तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिका बैठकको निर्णय बमोजिम पाँच वर्षको लागि प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ।

जीवन खत्री
नगर प्रमुख